सम्पर्क न.
प्रमुख प्रसासकीय अधिकृत०९१,५६०११८
प्रशासन शाखा , ०९१५६०८१६

# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## टीकापुर, कैलाली
## सुदुरपश्चिम प्रदेश, नेपाल

**प्रकासित मिति :२०७५/०६/२६**

**विषय : सूचना ! सूचना !! सूचना !!!**

यस टीकापुर नगरपालिकाको लागि आवश्यक रहेका तपसिल बमोजिमका पद हरुमा सेवा करार अन्तर्गत निम्न बमोजिमको सेवा शर्तका अधिनमा रहने गरी सेवा खरीद गर्नू पर्ने भएको हुंदा **"टीकापुर नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधी २०७५"** को दफा ५ बमोजिम गठित अन्तर्वाता र सूचिकरण समितिको मिति २०७५/०६/२५ गतेको बैठकको निर्णयानुसार प्रचलित कानून बमोजिम अयोग्य नठहरिएका योग्यता पुगेका ईच्छुक उम्मेदवारले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (मिति २०७५ कार्तिक ९ गते) भित्र यस कार्यालयमा रीतपूर्वक आवेदन दिनुहुन यो सूचना प्रकासन गरिएको छ ।

**क)आवश्यक पदहरु :**

| क. स. | वि. नं. | पदको नाम | तह | आवश्यक माग संख्यासंख्या | | | | आवेदन दस्तुर |
|---|---|---|---|---|---|---|---|---|
| | | | | खुल्ला | महिला | आदिवासी जनजाति | जम्मा माग संख्या | |
| १ | ०१/०७५/०७६ | सूचना प्रविधि अधिकृत (आई. टी. अफिसर) | अधिकृत छैठो (प्रा.) | १ | ० | ० | १ | १०००।- |
| २ | ०२/०७५/०७६ | अ.हे.व. | सहायक स्तर चौथो (प्रा.) | १ | ० | ० | १ | ३००।- |
| ३ | ०३/०७५/०७६ | अ.न.मी | सहायक स्तर चौथो (प्रा.) | १ | १ | १ | ३ | ३००।- |
| ४ | ०४/०७५/०७६ | असिस्टेन्ट सव-ईन्जिनियर. | सहायक स्तर चौथो (प्रा.) | ४ | ० | ० | ४ | ३००।- |
| ५ | ०५/०७५/०७६ | भारी सवारी चालक | (श्रेणी विहिन) | ० | ० | ० | १ | ३००।- |

**ख)न्यूनतम शैक्षिक योग्यता :-**

**सूचना प्रविधि अधिकृतको हकमा** :- मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर वा ICT वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक (BIT,BIM, BBIS,BCA,BCIS,BEIT, Bsc.IT, Bsc.CSIT ) तह उत्तिर्ण गरेको ।

**अ.हेव.को हकमा** :- मान्यता प्राप्त शिक्षण संस्थाबाट सि.एम.ए. वा अ.हे.व.कोर्ष उत्तिर्ण गरेको ।

**अ.न.मी को हकमा** :- मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मीं.वा सो सरह कोर्ष उत्तिर्ण गरेको

प्रमुख प्रशासकिय अधिकृत

**असिस्टेन्ट सव ईन्जिनियरको हकमाः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्राविधिक एस. एल. सी. वा सो सरह कोर्ष उत्तिर्ण गरेको ।

**भारी सवारी चालकको हकमा** : साधारण लेखपढ जान्ने र भारी सवारी चालक अनुमति पत्र ।

**ग) करार अवधि :-** २०७६ आषाढ मसान्त सम्म ।

**घ) तलब स्केल :-** असिस्टेन्ट सव ईन्जिनियरको हकमा प्रति महिना रु. १७०००।-(सत्र हजार ) कन्टेन्जेन्सी रकमबाट उपलब्ध गराईनेछ भने अन्य पदको हकमा नेपाल सरकारको प्रचलित स्केल बमोजिम हुनेछ ।

**ङ) पेश गर्नुपर्ने कागजातहरु :** कार्यालयबाट उपलब्ध गराईने अनुसुची ३ बमोजिमको दरखास्त फाराम भरी निम्न कागजात संलग्न गरी पेश गर्नुपर्नेछ ।

- ✓ नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
- ✓ शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि भारी सवारी चालकको हकमा भारी सवारी चालक अनुमती पत्रको प्रतिलिपी ।
- ✓ अनुभव सम्बन्धी प्रमाण खुल्ने कागजात ।
- ✓ जनजाती तथा दलितका लागि छुट्याईएको पदमा आवेदन दिंदा सो ब्यहोरा खुलेको सिफारिस पत्र वा प्रमाणपत्र ।
- ✓ अन्य प्रचलित कानुनद्धारा अयोग्य नभएको ।
- ✓ नेपाल बैंक लिमिटेड, टीकापुर शाखामो यस कार्यालयको नाममा रहेको संचित कोष खाता नं.१०७०३००००००००४००१००२ मा जम्मा गरेको सक्कल भौचर वा टीकापुर नगर कार्यपालिकाको कार्यालयको राजश्व उपशाखामा नगद जम्मा गरेको नगदि रसिद ।
- ✓ अ.हे. व र अ.न.मी पदका लागि सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्र ।

**च) छनौटका आधार (परिक्षाको किसीम ) : -** "टीकापुर नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधी २०७५" बमोजिम आवेदकहरुको छोटो सूची तयार गरी प्रकासन गरिनेछ र उक्त छोटो सूची प्रकासन गर्दा परिक्षाको किसिम र मिति तोकिने छ ।

**छ)** खुला तथा आरक्षण दुवैमा आवेदन दिने आवेदकले प्रत्येक क्षेत्रका लागि तोकिएको दस्तुर रकमको थप पचास प्रतिशतका दरले दस्तुर तिर्नुपर्नेछ ।

**ज) गर्नुपर्ने कार्य विवरण : नगरपालिकाले तोके बमोजिम हुनेछ ।**

**झ)** उमेरको हद : सुचना प्रविधि अधिकृत (आइ.टी.अफिसर) को हकमा २१ बर्ष पुरा भै ४५ बर्ष ननाघेको र अन्य सबै पदहरुको हकमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको ।

**ञ) स्थानीय तथा अनुभवीलाई ग्राह्यता दिईनेछ ।**

**यस सम्बन्धी अन्य जानकारीहरु लिनु परेमा नगर कार्यपालिका कार्यालयमा बुझ्न सकिनेछ ।**

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
७ नं. प्रदेश, नेपाल

धुबराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकिय अधिकृत